# आर्थिक वर्ष २०८०/०८१ को

# बजेट बक्तव्य

बेनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

२०८० असार १०

# बेनी नगरपालिकाको नगरसभाको तेह्रौ अधिवेशनमा २०८० साल असार १० गते आईतबारका दिन उपप्रमुख श्री ज्योती लामिछानेज्यूबाट प्रस्तुत भएको

# आ.व.२०८०/०८१ को बजेट बक्तब्य

## बेनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

आदरणीय अध्यक्ष महोदय,

१. बिगतमा स्थानीय तहमा रहेको सीमित स्रोत साधनको अधिकतम उपयोग गरी बेनी नगरपालिकाको समृद्धिका लागि नगरवासीको इच्छा चाहना एवं सरोकारवाला वर्गको सुझाव बमोजिम उत्पादनमूलक क्षेत्रमा लगानी सुनिश्चित गर्दै दिगो विकास हासिल गर्ने अठोट एवं विश्वासका साथ आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गर्न उभिएको छु । बेनी नगरपालिकाको नगर उपप्रमुख एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित नगरसभामा आ.व २०८०/०८१ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुस गरेको छु ।

२. स्थानीय समस्या र आवश्यकताहरुको सम्बोधनका लागि नागरिकले अनुभुत गर्न सक्ने गरी सरकारको उपस्थिति सुनिश्चित गराउन स्थानीय तहले विभिन्न योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने नीतिगत एवम् कानूनी प्रावधान बमोजिम बेनी नगरपालिकाको समृद्धि तथा विकासका लागि विभिन्न कार्यक्रम प्रस्ताव गरेको छु । स्थानीय सरकारको दोश्रो निर्वाचन पश्चात बहाली गरेका जनप्रतिनिधिहरुको एक वर्षे कार्यकाल समेत समाप्त भईसकेको छ । नेपाल सरकारले स्थानीय तहका लागि दिने अनुदान रकममा कटौती गरेको, स्थानीय करको दायरामा संकुचन एवं आन्तरिक आयको न्यून उपलब्धताका कारण नागरिकका अपेक्षा र जनप्रतिनिधिले गरेका वाचाबीचको उचित संयोजन गर्न नसकिएको भएतापनि स्थानीय जनताको प्राथमिकता र आवश्यकता अनुसार नै योजना तर्जुमा गरिएको हुँदा जनताको आवश्यकता एवं स्थानीय सम्भावनाको उचित उपयोग गर्ने गरी नै बजेट नीति तथा कार्यक्रम तर्जुमा गरिएको विश्वास दिलाउन चाहन्छु ।

३. यस अवसरमा सर्वप्रथम राष्ट्रिय स्वाधिनता,लोकतन्त्र तथा सामाजिक न्याय,संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विभिन्न कालखण्डमा भएका दशवर्षे जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलन र राजनैतिक क्रान्ति एवम् सङ्घर्षलाई स्मरण गर्न चाहान्छु । विभिन्न राजनैतिक परिवर्तनका लागि आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली व्यक्त गर्दछु ।साथै घाईते, वेपत्ता, योद्धा एवम् पीडित परिवार र नागरिक प्रति बेनी नगर सरकारको तर्फबाट हार्दिक सम्मान व्यक्त गर्दछु ।मुलुकको अग्रगामी परिवर्तनका लागि भएका सबै राजनैतिक आन्दोलन तथा आर्थिक र सामाजिक सबलीकरणको लागि नेतृत्वदायी भुमिका खेल्ने शिखर व्यक्तित्वहरु प्रति सम्मान व्यक्त गर्दछु ।

४. नेपालको संविधानले स्थानीय तहलाई दिएको अधिकार क्षेत्र,संघीय तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, पन्धौं योजनाले तोकेका प्राथामिकताको क्षेत्र, प्रादेशिक आवधिक योजना,बेनी नगरपालिकाको आवधिक योजना र मध्यकालीन खर्च संरचना,नेपाल सरकारले अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता, दिगो विकासका लक्ष्य एवम् प्रचलित ऐन,कानुन तथा कार्यविधिबाट निर्देशित भई सम्मानित नगरसभामा स्वीकृत नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेको छु ।

५. बेनी नगरबासीहरुको माग, चाहना र आवश्यकता पुरा गर्न बस्तीस्तर/वडा स्तर/नगरस्तरमा भएका छलफल तथा अन्तरक्रियात्मक कार्यक्रम, विषयगत समितिमा भएका छलफल, नागरिक समाज, बुद्धीजीवी, पत्रकार, राजनितिक दल/भातृ संघ संगठन र विभिन्न माध्यमबाट प्राप्त रचनात्मक सुझावलाई समेटेर बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

६. संघीय तथा प्रदेश सरकारबाट बाँडफाँड भई प्राप्त हुने राजस्वको सीमाभित्र प्रशासनिक तथा कार्यालय संचालन खर्च रहने गरी बजेट प्रस्ताव गरेको छु । नेपाल सरकार एवम् प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भई प्राप्त हुने समानीकरण अनुदान,सशर्त/समपुरक/विशेष अनुदान र बेनी नगरपालिककाको आन्तारिक राजस्वलाई बजेटका प्राथामिकता र उद्देश्य हासिल गर्न सक्ने कार्यक्रममा विनियोजन गरेको छु ।

७. बेनी नगरपालिकाको आवधिक योजनाले लिएका लक्ष्यहरु पुरा गर्न मध्यमकालीन खर्च संरचनाले प्राथामिकतामा राखेको क्षेत्रहरुमा उपलब्ध स्रोत साधनसँग तालमेल गरी प्राथमिकताका साथ बजेट विनियोजन गरेको छु ।

८. संघीय सरकारको साझेदारीमा बेनी अर्थुङ्गे पात्लेखेत सडक, पुरुन्डे पुलाडाँडा खानेपानी योजना तथा खबरा खानेपानी योजना सञ्चालन गर्ने गरी समपुरक बजेटको व्यवस्था गरेको छु ।

९. धार्मिक एवम् वैदिक महिमा बोकेका गलेश्वर धाम, महारानीथान मन्दिर,पुलत्सय, पुलाश्रम एवम प्राकृतिक चिकित्सालयका रुपमा रहेको सिँगा तातोपानी कुण्डलाई पर्यटकीय हव बनाउने गरी आवश्यक बजेट विनियोजन गरिएको छ ।

आदरणीय अध्यक्ष महोदय,

१०. बिगतको निर्वाचित जनप्रतिनिधिबाट एवं नयाँ जनप्रतिनिधिहरुको एक वर्षे कार्यकालबाट बेनीको समृद्धिका लागि गरिएका प्रयास बेनीको भौगोलिक अवस्था, भूवनोट, कमजोर भूधरातल समेतका कारण विभिन्न विपदजन्य घटनाबाट क्षतिग्रस्त हुँदा साबिकमा गरिएको लगानीबाट अपेक्षित प्रतिफल हासिल गर्न नसकिएको, न्यूनतम आधारभूत पुर्वाधार समेत विकसित गर्न नसिकएको

यथार्थ हामी सामु छ । यसबाट समग्र विकासमा परेको नकारात्मक प्रभावलाई अन्त्य गर्दै बेनी नगरलाई पुन: गतिशिल र समृद्ध बनाउने र दिगो विकासको आधारशीला तयार गर्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ । तसर्थ पूर्वाधारको विकास मार्फत स्थानीय तहको समुन्नति गर्न पुर्वाधार निर्माणको कार्यलाई पहिलो प्राथमिकतामा राखेको छु । बिगतदेखि कार्यान्वयनमा रहेका तथा आवश्यक प्रकृया पुरा गरी अघि बढेका, बेनीको समृद्धिका लागि रणनैतिक महत्व बोकेका पूर्वाधारका योजनालाई तथा उत्पादनमूलक एवं बढी प्रतिफल दिने आयोजना तथा कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिएको छु ।

**यस गरिमामय सभाका सभाध्यक्षज्यू,**

अब म बेनी नगरपालिकाको आगामी आ.व. ०८०/८१ को बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्न चाहन्छु ।

११. **"समृद्ध बेनी : सुखी नगरबासी"** भन्ने लक्ष्यलाई आत्मसात गर्दै तयार पारिएको आगामी आ.व. २०८०/०८१ को बजेटका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहनेछन् ।

- सामाजिक विकासको क्षेत्रमा लगानी बढाई गुणस्तरीय, सीपयुक्त र प्रतिस्पर्धी जनशक्ति उत्पादनको आधार तयार गर्ने ।
- नागरिकहरुलाई सुलभ, गुणस्तरीय र पहुँचयोग्य स्वास्थ्य सेवा सुनिश्चित गराउने ।
- कृषिलाई मर्यादित पेशाका रुपमा स्थापित गराउन उत्पादनमा प्रोत्साहन गरी निर्वाहमुखी कृषिलाई व्यवसायिक एवं आधुनिक बनाउने ।
- नगरभित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रको संरक्षण, प्रचार एवं विकासका उत्थानशील पूर्वाधार निर्माणमा जोड दिने ।
- पुर्वाधारलाई दिगो तथा पर्यावरणमैत्री बनाई विकासको दिगोपन र गुणस्तरीयता कायम गर्न स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्ने ।
- विपदजन्य प्रकोपबाट हुने क्षतिलाई न्युनीकरण गरी दिगो विकासको आधारशिला तयार गर्न ।
- नगरपालिकाबाट प्रवाह गरिने सेवालाई सेवाग्राहीमैत्री बनाई सेवाप्रवाहमा पारदर्शिता तथा उत्तरदायित्व अभिवृद्धि गर्ने ।
- अन्तरतह सरकारबीच प्रभावकारी समन्वय बढाई साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने ।

१०. उल्लेखित उद्देश्य हासिल गर्ने एवम् नगरको सर्वाङ्गीण विकासमा विद्यमान चुनौती  यसप्रकार छनः

- मनसुनजन्य विपदका कारण  भौतिक संरचनामा हुने क्षतिलाई कम गर्न एवम् नदिजन्य प्रकोपका कारण तातोपानी बजार क्षेत्र, मसार बस्ती, मंगलाघाट र कालीपुल बसर्पाक क्षेत्रमा हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्नु,
- नगरबासीको बढ्दो चाहना र आवश्यकतालाई सीमित स्रोत साधनले सम्बोधन गर्नु,
- धार्मिक एवम् वैदिक महिमा बोकेका पर्यटकीय क्षेत्रको प्रचारप्रसार गराई पर्यटक आकर्षणको केन्द्र बनाउनु,
- नगरबासीलाई उत्पादनमुखी बनाउँदै कृषिलाई मर्यादित पेशाका रुपमा स्थापित गराउँदै व्यवसायिक एवं आधुनिक बनाउनु
- बजारक्षेत्रबाट निस्कने फोहोरमैलाको दीर्घकालीन व्यवस्थापन गर्नु,
- आन्तारिक राजस्वको दायरा फराकिलो बनाउँदै आन्तरिक आय अभिवृद्धि गर्नु
- असारे विकासको विद्यमान परिपाटीको अन्त्य गरी योजनालाई समयमै सम्पन्न गर्ने पद्धति स्थापित गर्नु ।
- नगरपालिकाभित्र रहेका मानिसहरुको आय असमानतालाई कम गर्दै सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्नु

११. यसका बाबजुद पनि निम्न अनुसारका सबल पक्षका कारण उल्लेखित चुनौतीलाई न्युनीकरण गर्न सहयोग पुर्याउने अपेक्षा राखेको छु ।

- नगरपालिकाको करको दायरा विस्तारमा पहल गरिएको छ ।
- अन्तरतह विकास साझेदारीमा अभिवृद्धि भएको छ ।
- स्थानीय तहको संचालनका लागि अति आवश्यक कानुन निर्माण गरिएको छ
- नगरभित्र प्राविधिक तथा अप्राविधिक जनशक्तिको पर्याप्त व्यवस्था रहेको छ
- उत्पादनमा अनुदान दिइएका कारण कृषकहरु उत्पादन अभिवृद्धिमा सक्रिय देखिएका छन् ।

अध्यक्ष महोदय

चालु आ.व २०७९/०८० को संशोधित आय व्यय र आर्थिक गतिविधि तथा बजेट कार्यान्वयनको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

- आर्थिक बर्ष २०७९/०८० मा बेनी नगरपालिकाको आन्तारिक कर तथा गैरकर राजस्व र संचित कोषको नगद मौज्दात समेत गरी **रु १० करोड ०६ लाख ४५ हजार ०३ सय ७१ रुपैंया** मात्र संशोधित आय अनुमान गरेको छु ।
- संघीय सरकारबाट बाँडफाँड भई प्राप्त हुने मुल्य अभिवृद्धि कर, अन्तशुल्क, पर्वतारोहरण/वन रोयल्टी, प्रदेश सरकारबाट बाँडफाँड भई प्राप्त हुने सवारी साधन कर, घरजग्गा रजिस्ट्रेशन शुल्क, बाँडफाँड भई प्राप्त हुने दहत्तर बहत्तर शुल्क र विज्ञापन कर समेत गरी जम्मा **रु १३ करोड ३ लाख १० हजार रुपैया** संशोधित आय अनुमान गरेको छु ।
- संघीय सरकारबाट वित्तीय हस्तान्तरण भई प्राप्त हुने समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान,विशेष अनुदान र प्रदेश सरकारवाट वित्तीय हस्तान्तरण भई प्राप्त हुने समानीकरण अनुदान विशेष अनुदान, समपुरक अनुदान र शशर्त अनुदान समेत गरी **रु ६० करोड २ लाख ५१ हजार ७ सय ४३ रुपैंया** मात्र संशोधित आय अनुमान गरेको छु ।
- अन्तरसरकारी वित्तीय हस्तान्तरण भई प्राप्त हुने सामाजिक सुरक्षा र संरक्षण तथा गरिब सँग विश्वेश्वेर कार्यक्रममा जम्मा **रु १४ करोड ८४ लाख ०९ हजार रुपैंया** मात्र संशोधित आय अनुमान गरेको छु ।
- उल्लेखित आय शीर्षकक्का आधारमा **चालु आ.व २०७९/०८० को लागि जम्मा रु ७९ करोड ९० लाख ५६ हजार ०१ सय १४ रुपैंया** मात्र संशोधित आय अनुमान गरी सोही बमोजिम संशोधित व्यय अनुमान गरेको छु । संशोधित स्रोतगत आयको विस्तृत अनुमान **अनुसुची - ०१** मा प्रस्तुत गरिएको छ ।
- चालु आ.व जेठ मसान्त सम्म **चालु खर्च ६६.९१ प्रतिशत, पुँजीगत खर्च ५८.४७ प्रतिशत** खर्च भएको छ भने चालु आ.व को मध्यावधि सम्म **६३.९२ प्रतिशत** खर्च भएको छ । बेनी नगरपालिकाको आफ्नो एकल अधिकारक्षेत्र भित्रको **कर तथा गैरकर राजस्व रु ४ करोड ३८ लाख ११ हजार ९ सय ७१ रुपैंया** मात्र उठ्ने अनुमान गरिएकोमा जेठ मसान्त सम्म **रु ४ करोड २६ लाख ७२ हजार ४ सय १३ रुपैंया** मात्र संकलन भई संशोधित **आन्तारिक आय अनुमानको १००.७१ प्रतिशत** असुली भएको छ ।
- गौरवका योजनाका रुपमा रहेको खबरा खानेपानी योजना, कार्यालय भवन तला थप, बेनी मिनि रङ्गशाला निर्माण, बेनी ज्यामरुकोट सडक स्तरोन्नति, सिङा तातोपानी बजार कालोपत्रे, बेनी पात्लेखेत सडक स्तरोन्नति योजना निर्माण सम्पन्न भएको छ । यसका अतिरिक्त पात्लेखेत काछलुङ खानेपानी योजना, गाँजने नयाँगाउँ पुलाडाँडा खानेपानी योजना, अर्थुङ्गे पुलाचौर भुतपानी सडक, दुधेखोला हल्लेगौंडा भकिम्ली सडक, महारानीस्थान छापा डाडाखेत ठुलोखोला सडक योजना अन्तिम चरणमा रहेका छन् ।

- नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा आधारभुत भौतिक संरचनाहरु बनिसकेको अवस्थामा आफ्नै भवनबाट प्रशासनीक कार्यहरु सम्पादन भएका छन् ।
- आई.पि.एम कृषक पाठशाला कार्यक्रम अन्तर्गत वडा नं ४ र ६ मा आलु र टमाटर खेतीका लागि १८ हप्ते तालिम सञ्चालन भएका छन् ।
- बेनी नगरपालिकाको वडा नं २ को खबरा क्षेत्रलाई केरा पकेट क्षेत्र स्थापना गरिएको छ ।
- सुन्तला र किवि बगैंचा क्षेत्र विस्तार तथा बगैंचा सुदृढीकरण कार्यक्रम अन्तर्गत वडा नं ३,४,५,९ र १० का ७५ जना कृषकहरुलाई सुन्तला र किवीका बेर्ना वितरण गरिएको छ । कम्तिमा १० माउबाखा सहित बाख्रापालन गरेका ७ जना कृषकलाई जनही रु १ लाख का दरले अनुदान वितरण गरिएको छ ।
- १२ जनालाई कृषकलाई चाफकटर ग्रास कटर गेलेन्डर वितरण गरिएको छ । भेटनेरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रसँगको सहकार्यमा सामुदायिक तथा घरपालुवा कुकुरहरुको बन्ध्याकरण कार्यक्रम गरी ३४ वटा सामुदायिक कुकुर र ६१ वटा घरपालुवा कुकुरहरुको निःशुल्क बन्ध्याकरण गरिएको छ ।
- पशु स्वास्थ्य तथा बाझोपन निवारणका लागि पुलाचौरमा शिविर सम्पन्न गरिएको जस अन्तर्गत १६२ जना कृषकका २२०० पशुपंक्षी को निशुल्क उपचार गरिएको छ । बेनी नगरपालिका वडा नं १ लाई बंगुर पकेट क्षेत्र घोषणा गरी बंगुरका पाठापाठी तथा
- बंगुरको खोर बनाउन अनुदान दिइएको छ । चालु आर्थिक वर्षमा कूल १०८६२ जनावरहरुलाई निशुल्क उपचार गरिएको छ ।
- ९५ जना सम्भावित उद्यमीहरुलाई उद्यमशीलता तालिम अन्तर्गत सिलाईकटाई, मिनिटेलर मर्मत, मौरीपालन, लेडिज व्याग बनाउने, होजियारी लगायतका सीपमुलक तालिम प्रदान गरिएको तथा प्रविधी समेत हस्तान्तरण गर्ने तयारीमा रहेको छ ।
- ४० जना उद्यमीहरुको स्तरउन्नतिका लागि सिलाईकटाई, हाउस वायरीङ्ग,व्युटीपर्लर, बाईल्डिङ्ग व्यवसायका उद्यमीहरुलाई तालिम प्रदान गरिएको छ ।
- नगरपालिका मातहत रहेका ४३ वटै सहकारीहरुको स्थलगत अनुगमन गरी देखिएका कैफियत सुधारका लागि पत्राचार गरी निष्क्रिय १० वटा सहकारीहरुहरुलाई सम्पर्कमा आउन सूचना गरिएको छ ।
- बाल विकास सहजकर्ता नभएका ६ विद्यालयहरुमा सहजकर्ता नियुक्त गरी पठनपाठन सुचारु गरी उनिहरुको क्षमता विकासका लागि मन्टेश्वरी तालिम सञ्चालन गरिएको छ ।

- कक्षा १ देखि ४ सम्मका लागि स्थानीय पाठ्यक्रममा आधारित "मेरो नगरपालिका" छपाई गरी वितरण गरिएको छ ।
- नगरपालिका स्तरीय र जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागिता जनाई प्रथम स्थान हासिल गर्न सफल भएको छ ।
- शिक्षालाई सीपसँग जोड्ने उद्देश्यका साथ हामी सक्छौ (We Can Do) कार्यक्रम सबै वडाका कम्तिमा १ वटा विद्यालयमा सञ्चालन गरी विद्यार्थीहरुमा शिक्षासँगै सीप विकासको योजना अघि सारिएको छ ।
- मेयरसँग सामाजिक कार्यक्रम अन्तर्गत बेनी सामुदायिक विद्यालयमा स्कुल बस तथा अन्य विद्यालयहरुमा फर्निचर एवं सामाग्री वितरण गरिएको छ ।
- विज्ञान एवं गणित विषय लिई अध्ययन गर्ने विद्यार्थीहरु एवं उच्च शिक्षा अध्ययन गर्न चाहने विपन्न दलित विद्यार्थीहरुका लागि छात्रवृत्ति वितरणको व्यवस्था गरिएको छ।
- बे.न.पा-३ भकिम्लीमा बर्थिङ सेन्टर निर्माण कार्य सम्पन्न भई संचालनमा आएको छ ।
- बेनी नगरपालिका अन्तर्गतका सम्पूर्ण निजी स्वास्थ्य संस्थाको अनुगमन गरी सुधारका लागि सुझाव दिइएको छ ।
- बेनी नगरपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड मापन कार्य सम्पन्न भएको छ ।
- बे.न.पा ९ तोरीपानीमा विशेषज्ञ चिकित्सक सहितको निशुल्क स्वास्थ्य शिविर संचालन गरिएको छ।
- विपन्न दलित लगायत सीमान्तकृत लक्षित समूहका १०५ जना सुत्केरी आमाहरुलाई पोषण खर्च बापत जनही रु. ९००० उपलब्ध गराईएको छ ।
- जेष्ठ नागरिक स्वस्थ्य सेवा कार्यक्रम अन्तर्गत घरघरमा स्वास्थ्यकर्मीको अभियानलाई निरन्तरता दिइएको छ।
- नसर्ने रोगको स्क्रीनिग कार्यक्रम अन्तर्गत ४० वर्ष माथिका नागरिकको निशुल्क नसर्ने रोगको स्क्रीनिंग गरी आवश्यक उपचार तथा परामर्श सेवा दिने कार्य जारी रहेको छ।
- बेनी नगरपालिका अन्तर्गतका २ वटा माध्यमिक विद्यालयहरुमा अध्ययनरत किशोरीहरुलाई लक्षित गरी किशोरी आत्मरक्षा कार्यक्रम सञ्चालन गरिएको छ।
- सामाजिक कुरीति ( बालबिबाह ,लैङ्गिक हिंसा ,जातीयभेदभाब लगायत) न्यूनीकरण सचेतना तालिम ३ वटा वडाहरुमा सम्पन्न गरिएको छ।
- बेनी नगरपालिका वडा नं २, ९ र १० मा १५ जना अपाङ्गता भएका व्यक्तिहरुलाई र २५० जना ज्येष्ठ नागरिकहरुलाई स्थलगत डिजिटल परिचयपत्र वितरण गरिएको छ ।

- आमा समुहसगं उपमेयर कार्यक्रम अन्तर्गत वडा नं ३ र ९ का आमा समूहहरुका लागि चप्पल बनाउने, दालमोठ तथा निमकिन बनाउने, आलुको चिप्स बनाउने लगायत कुखुरा पालन व्यवसायका लागि आवश्यक तालिम प्रदान गरी उद्यमशिलतातर्फ प्रोत्साहित गरिएको छ ।
- न्यायिक समितितर्फ चालु आ.व. मा दर्ता भएका विवाद संख्या २३ रहेकोमा १९ विवादहरु फर्छ्यौट गरिएको । ९ विवादहरु सुनुवाईको प्रकृयामा रहेका छन् भने ३ वटा विवादहरुलाई न्यायिक निकायहरुमा सिफारिश गरिएको छ ।
- नगरपालिकाको उत्तरदायित्व अभिवृद्धिका लागि सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण जस्ता उत्तरदायित्वका औजारहरुको नियमित प्रयोग गरी पारदर्शिता र सुशासन अभिवृद्धिका लागि पहल गरिएको छ ।
- कानुनले तोके भन्दा बढी रकमको ठेक्का लाई e-bid मार्फत संचालन गरिएको छ । नगरपालिकाको सम्पुर्ण कारोबार स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट संचालन गरिएको छ ।

- जिन्सी निरिक्षण प्रतिवेदनमा लिलाम बिक्री गर्नुपर्ने भनी उल्लेख भएका काम नलाग्ने मेसेनरी तथा औजार,फर्निचर तथा फिक्चर्स लगायतका सामन समयमै लिलामी गरिएको छ । जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउन बेनी नगरपालिकाको सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को प्रभावकारी कार्यान्वयन गरिएको छ ।

सभाध्यक्ष महोदय,

१७. अब म आर्थिक बर्ष २०८०/०८१ को लागि गरिएको अनुमानित आयको आधारमा आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, सुशासन तथा संस्थागत विकास, कार्यालय संचालन तथा प्रशासनिक क्षेत्रमा विभाजन गरी क्षेत्रगत नीति तथा कार्यक्रमका आधारमा आगामी आ.व २०८०/०८१ का लागि अनुमानित राजस्व तथा व्ययको अनुमान संक्षेपमा प्रस्तुत गर्न चाहान्छु ।

- बेनी नगरपालिकाको आन्तरिक आय, कर तथा गैरकर राजस्व र संचित कोषको नगद मौज्दात समेत गरी **रु ५ करोड ९५ लाख ७७ हजार ४ सय रुपैंया**, बाँडफाँड भई प्राप्त राजस्व **११ करोड ५८ लाख ८५ हजार रुपैंया मात्र**, नेपाल सरकार र प्रदेश सरकार वित्तीय हस्तान्तरण भई प्राप्त हुने अनुदान **रु ५३ करोड ३४ लाख ३७ हजार रुपैंया समेत गरी आगामी आ.व २०८०/८१ को कुल बजेट रु ७० करोड ८९ लाख रुपैंया रहेको छ । कुल विनियोजन मध्ये चालु खर्च ५० करोड २७ लाख ७५ हजार रुपैया र पुँजिगत तर्फ २० करोड ६१ लाख**

**२५ हजार रुपैया विनियोजन गरेको छु । स्रोतगत आय व्ययको विस्तृत अनुमान अनुसुची-१ मा प्रस्तुत गरिएको छ ।**

सभाध्यक्ष महोदय

१९. अब म आगामी वर्षमा सञ्चालन गरिने कार्यक्रमको विस्तृत खाका प्रस्तुत गर्ने अनुमति चाहन्छु :

**आर्थिक विकास तर्फ**

**आगामी आर्थिक वर्षका लागि छनौट गरिएका योजनाहरु मध्ये आर्थिक विकास तर्फ नगरस्तरीय योजनाहरुमा रु २ करोड ३६ लाख रुपैंया र वडास्तरीय योजनामा रु ५२ लाख गरी जम्मा रु २ करोड ८८ लाख विनियोजन गरेको छु । आर्थिक विकासका क्षेत्रमा कुल बजेट सिमाको ४.०६ प्रतिशत रकम विनियोजन गरेको छु ।**

**कृषि क्षेत्रः**

- कृषि/पशुपन्छी बजार पूर्वाधार कार्यक्रम (हाट/संकलन केन्द्र/भण्डारण/चिस्यान केन्द्र समेत)का लागि रु २० लाख रुपैंया विनियोजन गरेको छु ।
- बेनी नगरपालिकालाई फलफुलमा आत्मनिर्भर बनाउन फलफूल प्रर्वधन कार्यक्रम संचालनका लागि रु २० लाख विनियोजन गरेको छु ।
- वीउविजन उत्पादन तथा व्यवस्थापन कार्यक्रम,रैथाने बाली प्रवर्द्धन र मकै बाली प्रवर्द्धन कार्यक्रमका लागि रु २५ लाख ५० हजार रुपैंया विनियोजन गरेको छु ।
- एक वडा एक उत्पादन कार्यक्रम,बेमौसमी तरकारी खेती सम्बन्धी तालिम,आलु खेती प्रवर्द्धन कार्यक्रम,आकष्मिक बाली संरक्षण प्राकृतिक तथा रोग किरा नियन्त्रण र आइपिएम कृषक पाठशाला लगायतका कार्यक्रम संचालनका लागि रु २७ लाख ५० हजार रुपैंया विनियोजन गरेको छु।
- सामुदायिक वनमा कृषि उत्पादनलाई प्रोत्साहन गर्ने गरी नमूनाका रुपमा बेनी नगरपालिका अन्तर्गतका वडा नं ४, ५ र ९ का लागि बजेट विनियोजन गरेको छु ।

**पशुपन्छी विकासः**

- पशुपन्छीमा लाग्ने रोग निदान,परिजीवी नियन्त्रण,पशुपन्क्षी खोप उपचार सेवा आदिमा खोप तथा औषधी र ल्यावोरेटरी सामान खरिदकोलागि रु ७ लाख ५० हजार रुपैंया विनियोजन गरेको छु ।
- नगरपालिका भित्रका दुध उत्पादन किसान र बाख्रापालक किसानलाई उत्पादनमा आधारित अनुदानका लागि रु १२ लाख रुपैंया विनियोजन गरेको छु ।
- महामारी रोग नियन्त्रण तथा पुनर्स्थापना कार्यक्रम,माछाका भुरा खरिद ढुवानी तथा वितरण, रेबिज बिरुद्धको निशुल्क खोप सञ्चालन पशु स्वास्थ्य शिविर लगायतका कार्यक्रम संचालनका लागि रु ६ लाख ५० हजार रुपैंया विनियोजन गरेको छु ।
- पशु सेवाका एक वडा एक प्राविधिक कार्यक्रम संचालन गर्नका रु ९ लाख ३१ हजार रुपैंया विनियोजन गरेको छु ।

**उद्योग**

- लघु उद्यम विकास कार्यक्रम मार्फत नगर बासीलाई उद्यमी बन्न प्रोत्साहित गर्नुका साथै लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरी प्रविधि हस्तान्तरणको लागि रु १८ लाख रुपैंया विनियोजन गरेको छु ।

**पर्यटनः**

- पर्यटकीय सम्भावना र महत्व बोकेको लभ्लीहिल पर्यटन पर्वद्धन योजनाका लागि रु १५ लाख विनियोजन गरेको छु ।
- प्राकृतिक चिकित्सालयका रुपमा पहिचान बनाएको तातोपानी बजारक्षेत्रको माथिल्लो बजार पीच गर्ने कार्यका लागि रु ३० लाख विनियोजन गरेको छु ।

**सहकारीः**

- नगरक्षेत्र भित्रका सहकारीलाई सामाजिक र आर्थिक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ । सहकारी संस्थाको नियमन, अनुगमन र सहकारी तालिम संचालन गर्नका लागि रु ५ लाख विनियोजन गरेको छु ।

**ख. सामाजिक विकासः**

सामाजिक विकास क्षेत्रमा नगरस्तरीय योजना तथा कार्यक्रम लागि रु ३८ करोड ९१ लाख रुपैंया र वडा स्तरीय योजना तथा कार्यक्रमको लागि रु १ करोड ५८ लाख समेत गरी रु ४० करोड ४९ लाख विनियोजन गरेको छु । समाजिक विकास क्षेत्रमा कुल बजेट सिमाको ५७.१२ प्रतिशत विनियोजन भएको छ ।

**शिक्षाः**

- शिक्षा तथा स्वास्थ्य क्षेत्रमा अपेक्षिकृत सुधार ल्याउन मेयरसँग सामाजिक कार्यक्रम निरन्तरता दिनका लगि रु २० लाख रुपैंया विनियोजन गरेको छु ।
- स्थानीय पाठ्यक्रममा आधारित मेरो नगरपालिका कक्षा १-५ निर्माण तथा छपाईका लागि रु १८ लाख रुपैंया विनियोजन गरेको छु ।
- शिक्षा सँगै सीप विकासलाई अघि बढाउन बेनी नगरपालिका भित्रका सबै माध्यमिक विद्यालयहरुमा सञ्चालन गर्ने गरी "हामी गर्न सक्छौं" (We can we do) कार्यक्रम निरन्तरताका लागि रु १५ लाख रुपैंया विनियोजन गरेको छु ।
- नमुना विद्यालयको रुपमा छनोट भएको जामुनाखर्क माध्यामिक विद्यालयको क्रमागत भवन निर्माण तथा पुर्वाधार व्यवस्थापनका लागि रु १ करोड रुपैंया विनियोजन गरेको छु ।
- बेनी नगरपालिकाभित्रका विपन्न तथा दलित विद्यार्थीहरुलाई प्रोत्साहन गर्न छात्रवृत्तिको व्यवस्थाका लागि रु ३ लाख ५० हजार विनियोजन गरेको छु ।

**स्वास्थ्यः**

- बेनी नगरबासीहरुलाई स्वास्थ्य सेवाको अनुभुति गराउन ज्येष्ठ नागरिक स्वास्थ्य सेवा तथा आमा समूह बैठकमा स्वास्थ्यकर्मी तथा गाउँघर क्लिनिक र खोप केन्द्र विस्तार का लागि रु ८ लाख रुपैंया विनियोजन गरेको छु ।
- नसर्ने रोगको स्क्रिनिङ र विद्यालय/समुदायमा नसर्ने रोग सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्न रु ६ लाख विनियोजन गरेको छु ।
- आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिदका लागि जम्मा रु २१ लाख ८७ हजार रुपैंया विनियोजन गरेको छु ।
- स्वास्थ्यतर्फको कुल कार्यक्रमका लागि रु ५ करोड २१ लाख ८६ हजार विनियोजन भएको छ ।

**युवा तथा खेलकुदः**

- विद्यालयस्तरका बालबालिकाको लागि राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता संचालन गरिनेछ । राष्ट्रपति रनिङ्ग सिल्ड संचालनका लागि १३ लाख रुपैंया बजेट विनियोजन गरेको छु ।
- नगरस्तरमा युवा तथा खेलकुद कार्यक्रम संचालन गर्न रु ३ लाख रुपैंया समेत गरी युवा तथा खेलकुदमा १६ लाख रुपैंया विनियोजन गरेको छु ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरणः**

- महिलाहरुलाई विभिन्न आयमूलक र सीपमूलक कार्यक्रम मार्फत सशक्तिकरण गरी आत्मनिर्भर बनाउन आमा समुहसँग उपमेयर कार्यक्रमलाई निरन्तरता दिएको छु । यसका लागि रु २० लाख रुपैया विनियोजन गरेको छु ।
- हिंँसा प्रभावित महिला तथा किशोरीका लागि हिंँसा प्रभावित सेवा केन्द्र संचालनका आवश्यक बजेट विनियोजन गरेको छु ।
- बेनी नगरपालिकालाई २०८२ साल बैशाखसम्म बालमैत्री नगर स्थापना गर्ने लक्ष्य बमोजिम बालमैत्री अभियानका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- महिला,बालबालिका,जेष्ठ नागरिक, दलित तथा अपाङ्गता भएका र अन्य लक्षित वर्गका लागि लक्षित कार्यक्रम गर्न रु ४१ लाख ५० हजार रुपैंया विनियोजन गरेको छु ।

**खानेपानी तथा सरसफाईः**

- आ.व २०८/०८१ को अन्त्यमा स्वच्छ खानेपानीको पहुँच भएको जनसङख्या तुलनात्मक रुपमा वृद्धि हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छु।खानेपानीतर्फका नगरस्तरीय योजनामा सम्पन्न गर्न रु २ करोड १३ लाख रुपैंया विनियोजन भएको छ ।

- नगरबासीमा खानेपानीको पहुँच अभिवृद्धि गर्न संघीय सरकारको विशेष अनुदानबाट प्राथामिकताका साथ बजेट विनियोजन गरेको छु । खबरा खानेपानी योजना क्रमागत(एक घर एक धारा ) संचालन गर्न रु ८० लाख रुपैंया र पुरुण्डे पुलाडाँडा खानेपानी योजना संचालन गर्न रु १ करोड रुपैंया विनियोजन गरेको छु ।

**विविधः**

- बेनी नगरपालिकालाई सडक मानवमुक्त नगर बनाउन सडक मानवहरुको उचित व्यवस्थापन गर्ने कार्यका लागि मानव सेवा आश्रम बाग्लुङ्गसँग आवश्यक सहकार्य गरिनेछ । मानव सेवा आश्रमलाई भवन निर्माण सहयोग स्वरुप लागि रु ३ लाख रुपैंया विनियोजन गरेको छु ।
- आगामी आ.व. का लागि सामाजिक विकासतर्फ वडा स्तरीय योजना तथा कार्यक्रम संचालन गर्न रु १ करोड ५८ लाख रुपैंया विनियोजन भएको छ ।

**पुर्वाधार विकासः**

- नगरको केन्द्र देखि वडा कार्यालय सम्म पुग्ने रणनितिक महत्वको सडक निर्माणका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरेको छु । नगरभित्रका सडकहरुलाई बाह्रै महिना संचालन गर्न आवश्यक व्यवस्था गरेको छु ।
- नेपाल सरकार/प्रदेश सरकार र अन्य निकाय बाट प्राप्त हुने विभिन्न अनुदान सँग साझेदारी गर्न रु १ करोड ६७ लाख रुपैंया समपुरक कोषमा विनियोजन गरेको छु ।
- पुर्वाधार विकासको क्षेत्रमा भवन, आवास तथा शहरी विकास, यातायात पुर्वाधार, उर्जा लगायतका उपक्षेत्रमा गरी रु ११ करोड २५ लाख रुपैंया विनियोजन भएको छ ।पुर्वाधार विकास क्षेत्रमा नगरस्तरीय योजना र समपुरक कोष गरी रु ८ करोड १५ लाख र वडा स्तरीय योजनामा ३ करोड १० लाख विनियोजन भएको छ । पुर्वाधार विकास क्षेत्रमा कुल बजेट सिमाको १५.८० प्रतिशत विनियोजन भएको छ ।

**सडक तथा पुल निर्माणः**

- नगरपालिका भित्र रणनीतिक महत्वका रुपमा रहेका बेनी पात्लेखेत सडक स्तरोन्नित गरिनेछ। त्यसका लागि नगरपालिकाले साझेदारी गर्नुपर्ने रकम सहित रु २ करोड रुपैंया बजेट विनियोजन गरेको छु ।
- बजार क्षेत्रको वडा नं ८ को अस्पताल देखि संगम चोक सम्म बजार कालोपत्रे गर्ने रु २० लाख विनियोजन गरेको छु ।
- नगरभित्रका मुख्य तथा सहायक सडकलाई स्तरोन्नति र विभिन्न भौतिक संरचनाको निर्माणका लागि रु २ करोड १७ लाख विनियोजन गरेको छु ।
- म्याग्दीको सदरमुकाममा रहेको एकमात्र खेलमैदानका रुपमा रहेको खुला मंच निर्माणका लागि २५ लाख रुपैंया विनियोजन गरेको छु । खुलामन्चको भौतिक संरचना निर्माण पुरा गर्न संघ/प्रदेश सरकारसँग बजेट माग गरिनेछ ।

- प्रदेश सरकारको साझेदारी अर्थुङ्गे-पुलाचौर-भुतपानी सडक र महारानीथान छापा डाँडाखेत सडक स्तरोन्नती गरिनेछ ।त्यसका लागि नगरपालिकाले साझेदारी गर्नुपर्ने रकम सहित रु १ करोड ५३ लाख विनियोजन गरेको छु ।

**भवन, आवास तथा सहरी विकासः**

- भक्मिली स्वास्थ्य चौकीको सेवा प्रवाह सुधार ल्याउन निर्माणाधिन भवन सम्पन्न गर्न रु ३० लाख विनियोजन गरेको छु ।
- बेनी नगरपालिका वडा नं ४ सिंगामा कृषि उपज संकलन, भण्डारण र व्यवस्थापनको लागि शीत भण्डार निर्माणका अन्तिम चरणमा रहेको छ । नगर क्षेत्रभित्र उत्पादन हुने कृषिजन्य उत्पादनको उचित व्यवस्थापनमा कोल्ड स्टोर कोसेढुङ्गा सावित हुने विश्वास लिएको छु ।

**उर्जाः**

- नगर क्षेत्रभित्र उर्जा प्रर्वद्धनका लागि नवीकरण उर्जा प्रविधि जडानका लागि प्राथामिकताका साथ बजेट विनियोजन गरेको छु । नगरबासीलाई वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा को प्रयोगमा उत्साहजनक सहभागिताका लागि लागत साझेदारीमा नवीकरणीय उर्जा कार्यक्रमका लागि रु ८ लाख रुपैंया मात्र विनियोजन गरेको छु ।

**वन वातावरण तथा विपद व्यवस्थापनः**

- बेनी नगरभित्र देखिने विपदजन्य घटनाहरुको न्युनीकरण गरी उद्धार,राहत र पुनःस्थापना कार्यको लागि **विपदमा मेयर कार्यक्रम** लाई निरन्तरता दिन रु ५ लाख बजेट व्यवस्था गरेको छु ।
- सबै प्रकारका विपदको रोकथाम तथा न्युनीकरणका लागि पुर्वतयारी प्रतिकार्य र पुनःलाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा रु २३ लाख रुपैंया विनियोजन गरेको छु ।
- स्थानीयस्तरमा घट्ने विपदका घटनाहरुमा तत्काल परिचालन गर्न सक्ने गरी आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापनाका लागि आवश्यक बजेट व्यवस्था गरेको छु । वडा स्तरमा वातावरण तथा विपद व्यवस्थापन गर्न रु ४० लाख रुपैंया विनियोजन गरेको छु ।

**सुशासन तथा संस्थागत विकासः**

- नगरपालिकास्तरबाट सम्पादन भएका कार्यहरुको पारदर्शिता एवं जवाफदेहिता अभिवृद्धि गर्न सार्वजनिक सुनवाई, सामाजिक परिक्षणजस्ता कार्य गर्नका लागि रु ४ लाख रुपैंया विनियोजन गरेको छु ।
- वडा स्तरीय मेलमिलाप केन्द्र संचालन तथा व्यवस्थापनका लागि मेलमिलाप सम्बन्धी ४८ घण्टे संचालन गरिनेछ ।मेलमिलाप सम्बन्धी तालिम संचालन तथा न्यायिक समितको क्षमता विकास गर्न रु ९ लाख रुपैंया विनियोजन गरेको छु ।
- कर्मचारीहरुको उत्प्रेरणा र मनोबल वृद्धि गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन र पुरस्कार प्रणालीलाई अवलम्बन गरी उत्कृष्ट कर्मचारीलाई सम्मान गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सुचीकृत बेरोजगारलाई १०० दिने रोजगार दिईनेछ ।***श्रमको सम्मान राष्ट्रको अभियान*** सम्बन्धी क्रियाकलाप संचालन गर्न तथा बेनी नगरपालिकाको रोजगार रणनिति तर्जुमा गर्न आवश्यक बजेट विनियोजन गरेको छु । प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रुपान्तरण योजना मार्फत रोजगारी प्रदान गर्ने रोजगार केन्द्रको संचालन खर्च समेत गरी रु ७८ लाख विनियोजन गरेको छु ।
- कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ रु १३ करोड ३२ लाख २५ हजार विनियोजन गरेको छु । यस शीर्ष अन्तर्गत नगरपालिकामा स्थायी तथा सेवा करारमा कार्यरत कर्मचारीको तलब भत्ता, सावधिक जीवन विमा,योग्दानमा आधारित निवृत्तीभरण तथा उपदान कोष खर्च,पदाधिकारी अन्य सुविधा, पदाधिकारी/कर्मचारी बैठक भत्ता,पानी विजुली,संचार महशुल,कर्मचारी प्रोत्साहन तथा पुरस्कार,सवारी ईन्धन(कार्यालय प्रयोजन),सवारी साधन मर्मत खर्च,मसलन्द तथा कार्यालय संचालन, कर्मचारी तालिम खर्च, विविध खर्च,सभा सञ्चालन खर्च, विविध कोष सञ्चालन खर्च, फर्निचर तथा फिक्चर्स, मेशीनरी औजार, पुँजिगत परामर्श लगायतका खर्चहरु समावेश रहेका छन् ।
- नगरमा सुरक्षा व्यवस्थापन तथा सार्वजनिक सम्पत्तिको सुरक्षा तथा संरक्षण गर्न नगर प्रहरी व्यवस्थापन गरिएको छ । नगर प्रहरी विटलाई व्यवस्थापन गर्न र आधारभुत तालिमका लागि आवश्यक बजेटको सुनिश्चतता गरेको छु ।

आदरणीय अध्यक्ष महोदय,

- आगामी आर्थिक वर्षमा नगरपालिकाले गर्ने आम्दानी खर्च तथा विभिन्न शीर्षकगत खर्चको विवरण तल अनुसूचीमा प्रस्तुत गरेको छु ।

- सीमित स्रोतको विनियोजनबाट धेरै जनताको अपेक्षा र चाहना सम्बोधन गर्नुपर्ने अवस्थामा योजनाको प्राथमिकीकरण गर्ने कार्यमा सहयोग पुर्याउनुहुने यस नगरपालिकाका सबै राजनैतिक दलहरु, समाजसेवी, बुद्धिजीवी तथा विज्ञ एवं प्रबुद्ध व्यक्तित्वहरु एवं उहाँहरुबाट प्राप्त राय सुझावका लागि कृतज्ञ छु । आदरणीय नगरप्रमुख ज्यूबाट प्राप्त निर्देशन र मार्गदर्शनका लागि आभार व्यक्त गर्दछु । रचनात्मक सुझाव प्रदान गर्नुहुने सञ्चारकर्मी तथा पत्रकारज्यूहरुलाई धन्यवाद व्यक्त गर्न चाहान्छु । बजेट तर्जुमाको कार्यमा सहयोग पुर्याउनुहुने सबै निर्वाचित पदाधिकारीहरुप्रति आभारी छु । विभिन्न प्राविधिक एवं अन्य कार्यमा सहयोग पुर्याउनुहुने नगरपालिकाका कर्मचारी साथीहरु लगायत अन्य सरोकारवालाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।
- अन्त्यमा, बजेट कार्यान्वयनमा दृढ संकल्पित रहँदै यसमा आ-आफ्नो क्षेत्रबाट सबैको सक्रिय सहयोग र सहभागिताको अपेक्षा राखेको छु ।

**<u>प्रस्तुतकर्ता</u>**

ज्योती लामिछाने

नगर उपप्रमुख

२०८०/०३/१०

।।।धन्यवाद ।।।